श्री जिल्ला प्रशासन कार्यालय काठमाडौं

**इजलाश**

प्रमुख जिल्ला अधिकारी श्री **बसन्त राज गौतमबाट** भएको

**फैसला**

सम्बत् २०७०/०७१ सालको स.फौ.नं.**६३**(हा.ह.ख.ख.)

दर्ता मिति :– **२०७०/०९/०७**

मुद्दा :– हातहतियार खरखजाना ।

निर्णय नं.५०८, मिति :– **२०७०/०९/०८**

**वादी**

महानगरीय प्रहरी अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा गार्ड गौचरको पत्र जाहेरीले **नेपाल सरकार**.......... .........१

निजको प्रमाण..................................

साक्षी............................................

कागज..........................................

**प्रतिवादी**

Mozambique Country Caba Delgado Pemba Dirstrict Pemba City Bairro Casa 285 बस्ने ALBERTO AGOSTINHO को छोरा वर्ष ३६ को Dionisio Carlos Agostinho...............................................................१

निजको प्रमाण ..............................................................

साक्षी .........................................................................

कागज ......................................................................

**यस कार्यालयबाट बुझेको**

प्रमाण...........................................

साक्षी...........................................

कागज ----------------------------

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्थित पूर्व अन्तर्राष्ट्रिय टर्मिनल भवनको हेण्ड व्यागेज चेकिङ्ग एरियामा रहेको टेवल, पश्चिम हेण्ड व्यागेज चेकिङ्ग एरियामा रहेको अन्तर्राष्ट्रिय उडान तर्फको सो एरियामा रहेको एक्सरे मेसिनमा कतार एयरको उडान नं.६५१ को उडानद्वारा काठमाण्डौबाट दोहा तर्फ जान लागेका राहदानी नं.AF004431 वाहक मोजाम्विकका नागरिक Dionisio Carlos Agostinho ले साथमा वोकी ल्याएको कालो रंगको ल्यापटप व्याग चेकजाँच गर्ने क्रममा उक्त झोलाको भित्र पट्टी कपडाको सानो चोलो भित्र प्लाष्टिकले वेरेर राखिएको अवस्थामा FNM 163 लेखेको तामाको गोली थान एक फेला परी वरामद गरिएको भन्ने समेत व्यहोराको **खानतलासी तथा वरामदी मुचुल्का ।**

२. मिति २०७०/०८/२४ गते अं.२१.३० बजे कतार एयरको उडान नं.६५१ को उडानद्धारा काठमाण्डौबाट दोहा तर्फ जान लागेको मोजाम्विक नागरिक राहदानी न. AF004431 वाहक Dionisio Carlos Agostinho ले साथमा बोकी ल्याएको कालो रंगको ल्यापटपको व्याग भित्र प्लाष्टिकले वेरेर ल्याएको अवस्थामा FNM 163 लेखेको तामाको गोली थान एक फेला परी बरामद गरिएको हुदा निज उपर कारवाही गरी पाउँ भन्ने व्यहोराको महानगरीय प्रहरी अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षागार्ड गौचर काठमाण्डौंको पत्र ।

३. मिति २०७०/०८/२४ गते अं.२१.३० बजे कतार एयरको उडान नं.६५१ को उडानद्धारा काठमाण्डौबाट दोहा तर्फ जान लागेको मोजाम्विक नागरिक राहदानी न. AF004431 वाहक Dionisio Carlos Agostinho ले साथमा

बोकी ल्याएको कालो रंगको ल्यापटपको व्याग एक्सरे मेसिनमा चेकजाँच गर्ने क्रममा उक्त झोलाको भित्र पट्टी सानो चोलो भित्र प्लाष्टिकले वेरेर राखेको अवस्थामा FNM 163 लेखेको तामाको गोली थान एक फेला परी प्रहरीले बरामद गरि लगेको हो । निज प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको हो । यसरी अवैध रुपमा साथमा गोली लिई हिड्ने प्रतिवादी उपर कानून वमोजिम होस् भन्ने व्यहोराको प्रकाश ब.कार्की र नारायण श्रेष्ठले गरेको कागज ।

४. मिति २०७०/०८/२४ गते अं.२१.३० बजे म कतार एयरको उडान नं.६५१ को उडानद्धारा काठमाण्डौबाट दोहा तर्फ जान लागेको अवस्थामा त्रिभुवन अर्न्राष्ट्रिय विमानस्थलको हेण्ड व्यागेज चेकिङ्ग एरियामा रहेको एक्सरे मेसिनमा मेरो ल्यापटपको व्याग चेकजाँच गर्ने क्रममा उक्त व्याग भित्र रहेको कपडाले वेरेको बुटी चेकजाँच गर्दा सो बुटी भित्र FNM 163 लेखेको गोली थान एक एक्सरे मेसिनमा देखिएपछि उक्त गोली प्रहरीले बरामद गरि लगेको हो । मलाई भाग्य राम्रो हुन्छ भनि MOZAMBIQUE MONTEPUEZ NAIROTO मा बस्ने ARITUAN नाम बताउने तान्त्रिकले २००९ जुलाई महिनामा कपडाले बेरी सिलाई गरी एउटा बुटी दिएका थिए । उक्त बुटी वनाएको कपडा भित्र गोली छ भन्ने मलाई थाहा थिएन । प्रहरीले चेकजाँच गरेपछि मात्र थाहा पाएको हुँ भन्ने व्यहोराको प्रतिवादी Dionisio Carlos Agostinho ले गरेको वयान ।

५. मिति २०७०/०८/२४ गते अं.२१.३० बजे म कतार एयरको उडान नं.६५१ को उडानद्धारा काठमाण्डौबाट दोहा तर्फ जान लागेको अवस्थामा त्रिभुवन अर्न्राष्ट्रिय विमानस्थलको हेण्ड व्यागेज चेकिङ्ग एरियामा रहेको एक्सरे मेसिनमा मेरो ल्यापटपको व्याग चेकजाँच गर्ने क्रममा उक्त व्याग भित्र रहेको कपडाले वेरेको बुटी चेकजाँच गर्दा सो बुटी भित्र FNM 163 लेखेको गोली थान एक एक्सरे मेसिनमा देखिएपछि उक्त गोली प्रहरीले बरामद गरि लगेको हो । मलाई भाग्य राम्रो हुन्छ भनि MOZAMBIQUE MONTEPUEZ NAIROTO मा बस्ने ARITUAN नाम बताउने तान्त्रिकले २००९ जुलाई महिनामा कपडाले बेरी सिलाई गरी एउटा बुटी दिएका थिए । उक्त बुटी वनाएको कपडा भित्र गोली छ भन्ने मलाई थाहा थिएन । प्रहरीले चेकजाँच गरेपछि मात्र थाहा पाएको हुँ भन्ने व्यहोराको प्रतिवादी Dionisio Carlos Agostinho ले साविति वयान गरेको र घटनास्थल मुचुल्का समेतका कागजातहरुबाट समेत निज प्रतिवादी Dionisio Carlos Agostinho को उक्त कार्य हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ४(२) वमोजिमको कसूर गरेको हुदा निज प्रतिवादी Dionisio Carlos Agostinho उपर सोही ऐनको दफा २०(३) बमोजिमको सजाय हुन र प्रतिवादीबाट वरामद भई आएको गोली थान एक सोही ऐनको दफा १६ बमोजिम जफत हुन तथा अनुसन्धानका क्रममा खुल्न आएका फरार रहेका MOZAMBIQUE MONTEPUEZ NAIROTO मा बस्ने ARITUAN नाम बताउने मोजाम्विक नागरिकको हकमा एकिन वतन तथा वाजे, बाबुको नाम थर समेत खुली नआएकोले खुली आएमा वा नेपाल शहरद भित्र फेला परे सोही बखत कानून वमोजिम गरिने गरी माँगदावी लिई अभियोग-पत्र प्रस्तुत भएको ।

६. बरामदी मुचुल्कामा उल्लेख भए अनुसार तामाको गोली मेरो ब्यागबाट बरामद भएको ठीक साचो हो । उक्त गोली मैले कुनै अपराधिक घटना घटाउनको उद्धेश्यका लागि राखेको होइन, मलाई बुटीको रुपमा कसैले दिई लामो समय देखी राख्दै आएको हो । कानूनतः मलाई राख्नु हुदैन भन्ने थाहा थिएन तसर्थ मलाई माँग अनुसार सजाय हुनु पर्ने होइन भन्ने समेत व्यहोराको पक्राउ परेका प्रतिवादी Dionisio Carlos Agostinho ले यस कार्यालयमा गरेको साविती वयान ।

७. प्रतिवादी Dionisio Carlos Agostinho **ले मोजाम्विक सरकारद्धारा जारी निजलाई HIV Infection** भएको **भन्ने मेडिकल कागजात पेश हुन आएको ।**

<u>यस कार्यालयको ठहर</u>

८. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा **मिसिल संलग्न कागजातहरु अध्ययन गरि प्रतिवादीको जिकिर समेत सुनि निर्णय तर्फ विचार गर्दा प्रतिवादी** Dionisio Carlos Agostinho **ले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३ (२) र ४(२) बमोजिमको कसुर अपराध गरेको हो होइन् निर्णय गर्नु पर्ने देखिन आयो ।**

९. यसमा मिशिल संलग्न कागज प्रमाणहरु अध्ययन गरी निर्णय तर्फ विचार गर्दा प्र. Dionisio Carlos Agostinho ले बरामदी मुचुल्कामा उल्लेख भएको तामाको गोली आफुबाट बरामद भएको कुरालाई अन्यथा हो भन्न नसकेकोले निजले विना ईजाजत अवैध गोली आफ्नो साथमा लिई हिड्ने कार्य गरी हातहतियार खरखजाना

ऐन,२०१९ को दफा ३(२) र ४(२) अनुसारको अनुसार कसुर गरेको ठहर्छ । सो ठहर्नाले निजलाई सोही ऐनको दफा २०(३) अनुसार रु २०,०००।- बीसहजार जरिवाना हुन्छ । बरामद भएको गोली सोही ऐनको दफा १६ बमोजिम जफत गर्नु । प्रतिवादीलाई भएको जरिवाना असुल पश्चात निजलाई अध्यागमन विभागमा उपस्थित गराई दिनु । अरुमा कानून बमोजिम गर्ने गरि प्रस्तुत मुद्दा मुलुकी ऐन अ.बं. १८६ नं. बमोजिम फैसला गरि दिएको छ ।

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी Dionisio Carlos Agostinho लाई २०,०००।- बीस हजार जरिवाना हुने ठहरी फैसला भएकोमा निज मिति २०७०/०८/२४ देखि थुनामा बसेको देखिदा सो थुनामा बसेको अवधिको कानून बमोजिम जरिवाना रकमबाट कट्टा गरी बाँकी जरिवाना रकम दाखिला गरे निजलाई अध्यागमन विभागमा हाजिर हुन पठाई दिनु अन्यथा कानून बमोजिम कैदी पूर्जि दिई स्थानीय कारागारमा थुनामा राख्न पठाउनु..........................................................................................१

प्रतिवादीलाई प्रस्तुत फैसलामा चित्त नबुझे फैसला सुनि पाएको मितिले ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत, पाटन, ललितपुरमा पुनरावेदन गर्न जानू भन्ने पुनरावेदन म्याद सुनाउनू/दिनू र जि.स.व.का. काठमाडौंलाई प्रस्तुत फैसलाको फोटोकपि समेत साथै राखी मुद्दा फैसला भएको जानकारी र पुनरावेदनको म्याद समेत लेखी पठाउनू ....................................... .... ........................................ २

वरामद तामाको गोली जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु.................................................................... ३

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू ..... ४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ...................................................................... ५

....................................
(बसन्त राज गौतम)
प्रमुख जिल्ला अधिकारी

इति सम्बत् २०७० साल पौष ८ गते रोज २ शुभम् ..........................................................................